# गरीब लक्षित उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

स्वीकृत मिति: २०७६।०७।२५

म्याङलुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यलय, म्याङलुङ
तेह्रथुम

# गरीब लक्षित उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावना :

महिला र पुरुषबीच जन्मजात लिङ्ग (Sex) बाहेक अन्य कुनै पनि असमानता रहेको छैन । मानव सृष्टि सञ्चालनमा जसरी महिला र पुरुषको समान योगदान अनिवार्य छ त्यसरी नै सभ्यताका लागि समेत दुवै वर्गको समान सहभागिता आवश्यक छ । परन्तु, पितृसत्ताले गर्दा यत्रतत्र पुरुषको तुलनामा महिलाहरू पछाडि परेका हुँदा सामाजिक लिङ्गभेद (Gender) को बनावटी तगारोले महिला तथा युवाहरुलाई मात्र छेकेको छैन, अपितु विकासको गतिमा नै अवरोध देखिएकोले र समाज विकाससँगै हाल आएर वृद्धवृद्धाहरुले समेत परिवार लगायत समाजबाट अपहेलित महसुस गरिरहेको परिप्रेक्षमा नगरपालिकामा गरीब लक्षित कार्यक्रम सञ्चालन गर्न बान्छनिय भएकोले,

महिला र युवाहरुको सक्रिय र समान सहभागिता बिना मुलुकको समग्र विकास असम्भव भएको हुँदा म्याङलुङ नगरपालिका अन्तरगत गरिबी, अशिक्षा, रुढिवादी परम्परा जस्ता कारणले पछाडी परेका महिला तथा युवाहरूलाई विकासका कार्यमा समान रूपले सहभागी गराई गरिवी घटाउन महिला तथा युवाहरुलाई विकास कार्यमा प्रत्यक्षत: संलग्न गराउने र उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक स्तरोन्नति गर्ने खालका कार्यक्रम अघि बढाउन यसै चालु आ.व.देखी महिला तथा युवाहरुको आर्थिक पहुँचमा वृद्धि, सामाजिक तथा राजनितिक गतिविधीमा सकृता बढाउनका लागी महिला तथा युवा केन्द्रित भई सोसगै पुरुष र बृद्धबृद्धाहरुलाई समेत साथै राखी बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम म्याङलुङ नगरपालिकाले गरीब लक्षित उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :**

१, यस कार्यविधिको नाम " गरीब लक्षित उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ " रहेको छ ।
२, यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**परिभाषा :**

३, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(१) "नगरपालिका" भन्नाले म्याङलुङ नगरपालिकाको कार्यालयलाई बुझाउने छ ।
(२) "साझेदार संस्था" भन्नाले नगरपालिकासंग सम्झौता गरी कार्यक्रम संचालन तथा कार्यान्वयन गर्ने कुनै पनि समुह वा निजी क्षेत्र वा सरकारी निकाय वा गैरसरकारी संस्थालाई बुझाउनेछ । जस्ले नगरपालिकासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने अनुमती प्राप्त गरेको हुन्छ ।

४, **कार्यविधिको उदेश्य** (१) आर्थिक रुपमा कमजोर रहेका महिला तथा युवाहरुको पहिचान गरी जिविकोपार्जनमा सहयोग पुग्ने सिपमुलक तालिम तथा क्षमता अभिबृद्धीका लागि आवस्यक कार्यक्रम संचालन गर्नु गराउनु,
(२) यस नगरपालिका भित्र उच्च शिक्षा हासिल गरेका महिला तथा युवा युवतीहरुलाई निजामती सेवामा पहुँच बृद्धिगर्नका लागी लोकसेवा आयोगको पुर्व तयारी कक्षा संचालन गर्नु गराउनु,

(३) महिला तथा युवाहरुको व्यक्तीगत शारीरिक सुरक्षा र स्वस्थ्य जिवनका लागी विभिन्न खेल तथा अन्य शारीरिक सुसंगठनका क्रियाकलापहरु संचालन गर्नु गराउनु

(४) स्थानीय तहका युवायुवतीहरु ( १८ देखी ४० वर्षका) लाई समेटी सीप र क्षमताको विकास गर्दै ,सामाजिक ,सास्कृतीक, साहित्यिक, शैक्षिक र वातावरीयण क्षेत्रको प्रबंधन र संरक्षण गर्नका लागी परिचालन गर्नु ।

(५) नगर क्षेत्रभित्र आर्थिक, सामाजिक र पारिवारीक समस्यामा परेका वृद्धवृद्धाहरुलाई पहिचान गरी सामाजिकीकरण गर्नु र गराउनु ।

(६) महिला, युवा र वृद्धवृद्धाहरुलाई सशक्तिकरणका लागि नगर क्षेत्रभित्र कानुनी साक्षरताका कार्यक्रम सञ्चालन गर्नु र गराउनु ।

(७) महिला स्वास्थ्य नवजात शिशु तथा बालबालिका सम्बन्धी पोषण सामाग्री वितरण कार्यक्रम गर्नु ।

(८) महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई सुचना प्राविधिक सामाग्री हस्तान्तरण गर्नु ।

(९) स्वास्थ्य शिक्षा खेलकुदलाई, संघ संस्थाहरुलाई आवश्यक सामाग्री हस्तान्तरण कार्यक्रम गर्नु ।

(१०) सामाजमा पर्ने विपतलाई न्यूनिकरण गर्नको लागि विभिन्न आवश्यक कार्य गर्न सकिनेछ ।

## ५, संचालन गरिने कार्यक्रमहरु

१.महिला तथा युवा केन्द्रीत भई आवश्यक्तामा आधारित वस्तु उत्पादन , बजारको सम्भावना र मागको आधारमा सिपमुलक र व्यवसायमा आधारित रोजगारमुलक तालिमहरु संचालन गर्ने

१.१, सेवा (सेवामुलक) संग सम्बन्धित

१.२, उत्पदन (उत्पादन मुलक) संग सम्बन्धित

१.३, सीप (सिपमुलक) संग सम्बन्धित

१.४, जेष्ठ नागरिकहरुको सम्मान

२.,सामाजिक मेलमिलाप, सांकृतीक पहिचान, साहित्य सृजना र प्रबंधन, शैक्षिक चेतनाको अभिवृद्धि तथा वातावरण संरक्षणका क्षेत्रमा युवा युवतीहरुको सिप क्षमताको विकास गर्दै उनिहरुलाई सघनरुपमा परिचालन गर्ने ।

२.१ , सामुदायिक सम्पती जर्गेना, सामाजिक चेतनामुलक सडक नाटक, जेष्ठ नागरिक सम्मान, धार्मिक सहिष्णुता, लैंगीक हिंसा बिरुद्ध चेतनामुलक कार्यक्रम, अन्य सामाजिक चेतना तथा जागरणका कार्यक्रम तथा गोष्ठी

२.२ बिभिन्न जातजातीहरुको सस्कार सस्कृती र भेषभुषाको संरक्षण, स्थानीय लोक बाजाको संरक्षण र प्रबंधन, जातिय पर्वहरुको सामुहिक कार्यक्रम आयोजना

२.३ कबिता गोस्ठी, कथा तथा निबन्ध लेखन, वादविवाद प्रतियोगिता, लोकनृत्य तथा गायन प्रतियोगिता

२.४ बृक्षरोपण, जैबिक वनस्पतीबाट भु क्षय तथा भुस्खलनको रोकथाम, सडक तथा टोल सरसफाई कार्यक्रम, आवश्यक ठाउहरुमा फोहर संकलन गर्ने सामाग्रीहरुको व्यवस्था, संकलित फोहोर मैलाको वातावरण मैत्रि व्यवस्थापन र विर्षजन, वातावरणीय चेतनामुलक होर्डिङ बोर्डको व्यवस्था गर्ने ।

२.५ युवा क्षमता विकासका लागि : युवा नेतृत्व विकास, युवाहरुमा समाज परिचालन सम्बन्धी ज्ञानको बृद्धि गर्ने, बचत गर्ने बानीको विकास, सहकारी र सहकारिताको ज्ञान, युवा क्लबको गठन र परिचालन गर्ने, नगरपालिका , जिल्ला , प्रदेश र केन्द्रिय स्तरका युवा संजालहरुमा स्थानीय युवाहरुको पहुंच बृद्धि गरी आवद्ध गराउने,

नगर प्रमुख

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल

३. स्थानीय युवा क्लव, युवा संजाल, [redacted] आमाजिक संस्थाको संस्थागत तथा मानवीय क्षमता अभिवृद्धि गर्ने ।

४. युवाहरुको क्षमता अभिवृद्धिका लागि प्रविधी युक्त सीप र प्रशिक्षणको व्यवस्था गर्ने

४.१ कृषी तथा पशु प्राविधीक तालिमको बयवस्था

४.२ सवारी साधन संचालन सिप (ड्राइभिङ्ग तालिम)

४.३ मोबाईल तथा कम्प्युटर मर्मत तालिम

४.४ आवश्यक्ता अनुसार अन्य सीप तथा प्रविधीको हस्तान्तरण र तालिम

५. नगरका विभिन्न स्थानमा आवस्यक्तानुसार लोकसेवा आयोगको पुर्व तयारी कक्षा संचालन गर्ने

६. आवश्क्ता र मागको आधारमा महिलाहरुको शारिरीक शुसंगठन विकास गर्ने तालिम संचालन गर्ने ।

७. बिकासमा युवा (किसोर किसोरी) सहभागीताका लागी नगरपालिका स्ततरमा फुटवल, भलिबल प्रतियोगीताका कार्यक्रम बार्षिक रुपमा संचालन गर्ने र युवाहरुको फुटवल खेलको स्तर वृद्धिका लागि आवश्यक तालिम र कोचिङको व्यवस्था गर्ने ।

८. घरेलु हिंसा वाट वाहिरिएका पिडित पक्षलाई तत्कालका लागि छोटो अवधीको राहात कार्यक्रम सञ्चालन ।

**६, कार्यक्रम संचालन गर्न बजेट व्यवस्थापन र समयावधी:**

(१) उल्लेखित कार्यक्रम सञ्चालन गर्न तपसिल बमोजिम बजेट व्यवस्थापन गरिने छ ।

(क) नगरपालिकावाट माथि उल्लेखित कार्यक्रम सञ्चालन गर्न छुट्याएको रकम,

(ख) प्रदेश वा संघवाट अनुदान प्राप्त रकम,

(ग) विभिन्न संघ संस्था वा साझेदार दातृ निकायवाट अनुदान प्राप्त रकम,

(घ) उल्लेखित कार्यक्रम सञ्चालन गर्न दान दातव्यबाट प्राप्त रकम ।

**७, कार्यक्रम संचालन गर्ने प्रकिया :** नगरपालिका स्तरमा महिला तथा युवा लक्षित कार्यक्रम संचालन २ तरिकावाट संचालन गरीनेछ ।

१. वाह्य स्रोत साधन तथा जनशक्तिको प्रयोग गरी संचालन गरिने कार्यक्रमहरु जिल्ला भित्रका वा जिल्ला बाहिरका ,सामाजिक संघ संस्था , शैक्षिक प्रतिस्ठान वा निजी क्षेत्रसंग सहकार्य वा साझेदारीमा कार्यक्रम संचालन गरिने छ । जसमा माथी प्रकरण नं. ५ मा उल्लेख गरिएका १ नम्वर देखी ४ नम्वर सम्मका कार्यकमहरु पर्दछन । तर कार्यक्रम नम्वर २ र ३ संचालन तथा कार्यन्वयन गर्दा स्थानीय युवा संस्था वा संजाल वा स्थानीय समाजिक संस्था वा क्लवहरुको क्षमता बृद्धि गरी उनीहरु मार्फत बाहय साझेदार संस्थाले कार्यक्रम कार्यन्वयन गर्ने ।

तर कार्यक्रम नम्वर १ र ४ जिल्ला भित्रका वा जिल्ला बाहिरका ,सामाजिक संघ संस्था , शैक्षिक प्रतिस्ठान वा निजी क्षेत्रसंग सहकार्य वा साझेदारीमा कार्यक्रम संचालन गरिने छ । जसका लागी उपयुक्त ढाँचामा प्रस्ताव आह्वान गरी कार्यक्रम कार्यन्वयन गरिनेछ ।

**नोट :** स्थानीय युवा संस्था वा संजाल वा स्थानीय समाजिक संस्था वा युवा क्लवको क्षमता वृद्धि भई सकेको अवस्थामा उक्त २ नम्वरमा उल्लेख गरिएका कार्यकमहरु स्थानीय युवा संस्था वा संजाल वा स्थानीय समाजिक संस्था वा क्लवहरु मार्फत कार्यन्वयन गराइने छ ।



विजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

२. प्रकरण नं. ५ मा उल्लेखित कार्यक्रम नम्बर १ देखी ८ सम्मका कार्यक्रमहरु कार्यक्रम संचालन तथा कार्यन्वयन समिति आफैले वा आवश्यकता अनुसार उपभोक्ता समिति गठन गरेर वा कार्यक्रम संग समवन्धित क्रियाशिल सरोकारवाला समुह, समितिहरुसंग समन्वय तथा साझेदारीमा सम्झौता गरेर गरिने छ ।

८, कार्यक्रम संचालनका लागी सिमाअवधी

(१) कार्यक्रम नम्बर १ को लागि

–जिल्ला वा जिल्ला वाहिरका सामाजिक संघ संस्थाहरुसंग समन्वय र साझेदारीमा कार्यक्रम

संचालन तथा कार्यन्वयन गरिने,

- सम्भाव्य उद्यम गर्न ईच्छुक वा उद्यमता तर्फ उन्मुख महिलाहरुको पहिचान भै सकेपछि कार्यक्रमको उद्देश्य, सहभागीको रुची, क्षमता, आवश्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलब्धता लगायतका पक्षहरुमा ध्यान दिई विभिन्न समूहमा आवद्ध हुन सहभागीलाई अभिमुखीकरण गरीने छ ।
- समूह निर्माण गर्दा समूह परिचालन, समूह सदस्य सङ्ख्या, समूहका सदस्यहरू आवद्ध रहेको समुदाय, भौगोलिक अवस्थिति आदी पक्षलाई ध्यान दिईने छ । जसमा जातिय र वर्गिय विभेद हुने कुनै कार्य गरिने छैन ।
- एउटा समूहमा न्यूनतम ५ जना सदस्यहरू रहन सक्ने र प्रत्येक वार्ड न्युनतम २ वाट समुह हुनेछन, आवश्कता र माग वढेको खण्डमा वढी पनि हुन सक्ने छ ।
- सेवा, उत्पादन तथा सीपमा आधारीत तालिम, सिप तथा ज्ञानको हस्तान्तरण सँगै वित्तिय पहुंचको लिंकेज स्थानीय वित्तिय संस्थाहरसंग सहकार्य गराई उध्यमशिलता तर्फ महिला तथा युवाहरुलाई उन्मुख गराउन परियोजना कार्यन्वयन गर्ने साझेदार संस्थाको रणनितिक कार्ययोजना हुन आवस्यक छ ।

(२) कार्यक्रम नम्बर २ र ३ को लागि

– जिल्ला वा जिल्ला वाहिरका सामाजिक संघ संस्थाहरुसंग समन्वय र साझेदारीमा कार्यक्रम संचालन तथा कार्यन्वयन गरिने छ ।

– स्थानीय युवा तथा समुदायहरुलाई प्रत्यक्ष रुपमा परिचालन गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

– स्थानीय युवा संजालको गठन तथा क्षमता विकाससँगै तिनीहरुको हरेक तहको संजालमा आवद्ध गराउने साथै स्थानीय ,सामाजिक संस्था तथा क्लबहरुको संस्थागत र मानविय क्षमता विकास गर्ने

–स्थानीय सामाजिक संस्था, युवा संजाल तथा क्लवहरुको संस्थागत र मानविय क्षमता विकास भए पश्चात उपरोक्त कार्यक्रम स्थानीय संस्थाहरुबाट नै संचालन गरिने छ ।

(३) कार्यक्रम नम्बर ४.१ र ४.२ को लागि

–सरकारी तथा निजी प्राविधिक शिक्षालयसंग समन्वय र साझेदारीमा उपरोक्त कार्यक्रमहरु संचालन तथा कार्यन्वयन गर्न वाधा परेको मानिने छैन ।

– कृषी र पशु प्राविधिक कोर्षमा वार्डहरुबाट समानुपातिक रुपमा प्रत्येक विषयमा लागी २/२ जना (वार्षिक रुपमा २८) अध्ययन तथा तालिमका लागी सहभागी गराईने छ ।

– सहभागी छनौट गर्दा लैंगिक र जातिय विभेद गर्न पाईने छैन ।

– सहभागी छनौट गर्ने आधार र विधी तथा अन्य व्यवस्था सम्वन्धी कार्यक्रम संचालन तथा कार्यान्वयन समितिले गरेको निणर्य अनुसार हुनेछ ।

(४) कार्यक्रम नम्बर ४.३, ४.४, ४.५, ६, ७, ८ को लागि

उपरोक्त कार्यक्रमहरुको संचालन तथा कार्यान्वयन समिति आफैले वा आवश्यकता अनुसार उपभोक्ता समिति गठन गरेर वा कार्यक्रमसंग सम्बन्धित क्रियाशिल सरोकारवाला संघ संस्था, समुह र समितिको समन्वय तथा साझेदारीमा सम्झौता गरेर गरिने छ ।

९, कार्यक्रम संचालन तथा कार्यन्वयन समिति

प्रस्तुत कार्यक्रम संचालन गर्नका लागि देहानुसारको समिति गठन गरिने छ :

| | | |
|---|---|---|
| १. | नगरपालिका उपमेयर | संयोजक |
| २. | नगरकार्यपालिका महिला सदस्य मध्ये १ जना | सदस्य |
| ३. | नगरकार्यपालिका दलित सदस्य मध्ये १ जना | सदस्य |
| ४. | सिप र प्रविधीसंग जानकार नगरकार्यपालिकाले मनोनित १ जना | सदस्य |
| ५. | प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

१०, कार्यक्रम संचालन तथा कार्यन्वयन समितिको काम कर्तव्य र अधिकार :

(क) कार्यक्रम संचालन सम्बन्धि योजना प्रस्ताव, आशय पत्र, प्राविधीक तथा वित्तिय प्रस्तावहरु आह्वान गर्ने, अध्ययन गर्ने र सोको स्वीकृत वा अस्वीकृत गर्ने ।

(ख) स्वीकृत योजना तथा प्रस्तावहरुलाई कार्यान्वयन गर्न आवश्यक श्रोत/बजेट सुनिश्चितता गर्ने,

(ग) कार्यक्रम कार्यानवयन गर्न सरकारी, गैरसरकारी, विकास साझेदार तथा निजि क्षेत्रका संघसंस्थाहरुसंग समन्वय गर्ने;

(घ) संचालित कार्यक्रमको रुपमा नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी सराइ सम्बन्धीत पक्षलाई निर्देशन तथा सुझाव दिने,

(ङ) कार्यक्रम संचालनमा कुनै नितिगत र कानुनी समस्याहरु आइ परेमा सोको आवश्यकता हेरेर निरोपण गर्न नगरकार्यपालीकाको बैठकमा सिफारिस गर्ने ।

(च) समितिको हरेक २/२ महिनामा बैठक बस्ने र साझेदार संस्थाहरु संग ३/३ महिनामा समिक्षा बैठक बसी आवश्यक सल्लाह तथा सुझाव दिने र लिने ।

११, कार्यक्रमको खर्च भुक्तानी तथा प्रगती प्रतिवेदन

(क) कार्यक्रम संचालन गर्ने साझेदार संस्था वा सरोकारवालाहरुले हरेक २/२ महिनामा खर्च भुक्तानीका लागि सक्कल बिल भरपाई सहित कार्यक्रम कार्यान्वयन समितिमा गत अवधीको वित्तिय (आर्थिक) र भौतिक प्रगती र आगामी २ महिनाको वित्तिय र भौतिक लक्ष्य तथा कार्ययोजना सहित पेश गर्नु पर्नेछ ।

(ख) कार्यक्रम कार्यन्वयन समितिले सबै विवरण जाँच गरी सकेपछि भुक्तानीका लागि नगरपालिकाको लेखा शाखामा सिफारिस गरिने छ र लेखा शाखाले सम्बन्धित संस्थाको बैंक खातामा भुक्तानी गर्नु पर्ने रकम भए जम्मा गरी दिनेछ ।

(ग) नगरपालिकाबाट सिधै गरिने कार्यक्रमहरुको भुक्तानी कार्यक्रम समाप्ती पछाडी बिल भरपाईको आधारमा सम्बन्धित पक्षलाई सिधै भुक्तानी दिने व्यवस्था गरिने छ ।

नगर प्रमुख

१२. **खारेजी र बचाउ :** यो कार्यविधि लागु हुनु पूर्व यससँग सम्बन्धित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजीम भए गरेको मानिने छ।